बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# जनस्वास्थ्य कार्यालय, चितवन

पत्र संख्याः ०८२/८३
च.नं.:

भरतपुर-१०, चितवन

**करार सेवामा सहजकर्ता आवश्यकता सम्बन्धी सूचना ।**

प्रकाशित मिति : २०८२/१२/०१

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जनस्वास्थ्य कार्यालय, चितवन मातहतमा रहने गरी बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ९०० मिति २०८२/०८/०९ को पत्रानुसार माडी नगरपालिकामा (एक स्थानीय तह एक नमुना स्वास्थ्य संस्था) कार्यक्रम संचालनको लागि स्वास्थ्य सहजकर्ता राख्नु पर्ने भएकोले यस कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा उपस्थित भई वा कार्यालयको आधिकारिक इमेल ठेगाना phochitwan@bagamati.gov.np मा राजश्व रसिद सहित बागमती प्रदेश स्वास्थ्य सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका २०८२ को अनुसूची ४ दफा २० सँग सम्बन्धित काम, कर्तव्य र अधिकारमा उल्लेख भए बमोजिमको कार्य गर्नका लागि सोही निर्देशिकाको अनुसूची-३ (दफा १४ उपदफा (३) सँग सम्बन्धित ) दरखास्त फारम भरि आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि आएको र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क.सं. | पद | संख्या |
|---|---|---|
| १ | पि.सि.एल. नर्स (प्रविणता प्रमाण पत्र तह नर्सिङ) | १ |
| २ | हेल्थ असिस्टेन्ट / अ.हे.व. | १ |
| ३ | ल्याव टेक्निसियन / असिस्टेन्ट | १ |

**१.योग्यता र अनुभव :**

- नेपाली नागरिक,
- उम्मेदवारको उमेरको हदः १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
- सम्बन्धित काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र) वा अध्ययनरत विद्यार्थीहरुको हकमा भने शिक्षण संस्थाबाट OJT पत्र प्राप्त गरेको,
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको,

**२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रतिलिपि, योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता कायम रहेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा अध्ययनरत विद्यार्थीहरुको हकमा भने शिक्षण संस्थाबाट On the Job Training (OJT) पत्र प्राप्त गरेको ।

**३. आवेदन दिने अन्तिम मितिः** प्रकाशित भएको मितिले १५ दिन भित्र २०८२/१२/१५ गते सम्म कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट ।

४. दरखास्त दाखिला गर्नुपर्ने स्थानः जनस्वास्थ्य कार्यालय चितवनको प्रशासन शाखा (बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालन निर्देशिका २०८२ को अनुसूची-३ (दफा १४ उपदफा (३) बमोजिमको दरखास्त फारम भरी पेश गर्नु पर्नेछ) वा इमेल मार्फत आवेदन दिदाँ आफ्नो विवरण सहितको आवेदन फारम, बैङ्क भौचर र योग्यताका कागजात स्क्यान गरी phochitwan@bagamati.gov.np मा म्यादभित्रै पठाउनु पर्नेछ र अन्तर्वातामा उपस्थित हुँदा सक्कलै कागजात पेश गर्नुपर्नेछ ।

**५. दरखास्त दस्तुर** : परीक्षा दस्तुर रु. ४००/- यस कार्यालयको कार्यालय कोड नं. ३७००१३११४३ राजश्व शिर्षक नं. १४२२४ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय चितवनको राष्ट्रिय वाणिज्य बैङ्क खाता नं. १०००१००२००१०००० जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्छ ।

**६. सम्पर्क मिति** : २०८२/१२/१५ गते, (परीक्षा मिति, समय र स्थान पछि तोकिनेछ .।

**७. छनौटको किसिमः** शैक्षिक योग्यता, अन्तरवार्ता र स्थानीयताको आधारबाट ।

**८. सेवा सुविधा** : २०,०००/- (बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यम संचालन निर्देशिका २०८२ ले तोके बमोजिम)

९. कार्यक्षेत्रः माडी नगरपालिकाको सम्पूर्ण वडाहरु ।

**१०. सेवा अवधिः** आ.व. २०८२/८३ को असार मसान्त सम्मका लागि ।

द्रस्टव्य :-

- बागमती प्रदेश स्वास्थ्य सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका,२०८२ मा तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको ।
- अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०५६५९०६६३ मा सम्पर्क व्यक्ति सन्दीप पाण्डे (९८६१३६३०९६) मा सम्पर्क गर्न सकिने छ ।
- अन्य सूचनामा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

कार्यालय प्रमुख